# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, माघ ०२ गते, २०८२ साल (अतिरिक्ताङ्क ३२

## भाग २

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

# कोशी योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८२

**प्रस्तावना:** नेपालको संविधानले दिशानिर्देश गरे अनुसार सङ्घीयताको मूल मर्मलाई आत्मसात गर्दै धारा ५९ ले व्यवस्थित गरेको प्रदेशको अधिकार तथा संविधानको अनुसूचीमा उल्लेख भएका विषयमा कानून बनाउने, नीति एवं योजना निर्माण गर्ने आधारलाई स्वीकार गर्दै स्वच्छ, सुखी र सम्मुन्नत प्रदेश निर्माणका लागि कोशी प्रदेशभित्र योजनागत रुपमा भौतिक पूर्वाधार निर्माण, आर्थिक प्रगति तथा दिगो विकास लगायत विकास निर्माण प्रक्रियामा जनसहभागिता अभिवृद्धि गरी औद्योगिकिकरण एवं आर्थिक विकास साथै मानव विकास र जलवायु परिवर्तन समेत लाई योजनागत रुपमा स्थापित एवं व्यवस्थित गर्न र कोशी प्रदेशका योजना आयोग सम्बन्धी कानूनलाई एकीकरण तथा व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १६२ समेतका आधारमा कोशी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम **"कोशी योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८२"** रहेको छ।

(२) यो आदेश कोशी प्रदेश सरकार बाट स्वीकृत भएका मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) **"अध्यक्ष"** भन्नाले कोशी योजना आयोगका अध्यक्षलाई सम्झनु पर्छ।

(ख) **"उपाध्यक्ष"** भन्नाले कोशी योजना आयोगको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ग) **"कार्यसञ्चालन समिति"** भन्नाले दफा ९ बमोजिमको कार्य सञ्चालन समितिलाई सम्झनु पर्छ।

(घ) **"कोशी योजना आयोग"** भन्नाले कोशी प्रदेशमा दफा ३ बमोजिम गठित कोशी योजना आयोगलाई सम्झनु पर्छ र सो शब्दले कोशी योजना आयोग (केपिसी) समेत लाई जनाउँछ।

(ङ) **"प्रदेश सरकार"** भन्नाले कोशी प्रदेश सरकारलाई सम्झनु पर्छ।

(च) **"परिषद्"** भन्नाले दफा १० बमोजिम गठित कोशी प्रदेश विकास परिषद्लाई सम्झनु पर्छ।

(छ) **"सदस्य"** भन्नाले कोशी योजना आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले कोशी योजना आयोगको उपाध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ।

३. <u>कोशी योजना आयोगको स्थापना तथा गठन</u>ः (१) प्रदेशको तीव्र आर्थिक प्रगति तथा दिगो विकासका लागि नेपालको संविधान बमोजिम दूरगामी सोच सहितको कोशी प्रदेशको विकास योजना तर्जुमा गर्न र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई अनुसन्धान एवं विश्लेषण गरिएका सूचना एवं तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरी सल्लाह र सुझाव प्रदान गर्न कोशी प्रदेश सरकारको विशिष्टिकृत निकायको रुपमा कोशी योजना आयोगको स्थापना एवं गठन हुनेछ।

(२) कोशी योजना आयोगको सचिवालय सम्बन्धी कार्य गर्ने कार्यालय विराटनगरमा अवस्थित रहनेछ र कोशी योजना आयोगको सिफारिसमा प्रदेश सरकारले कोशी प्रदेशमा आवश्यकता अनुसार सम्पर्क कार्यालय स्थापना गरी कार्यसञ्चालन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(३) कोशी योजना आयोग एक स्वशासित, अविच्छिन्न उत्तराधिकारवाला एवं सङ्गठित संस्था हुनेछ। कोशी योजना आयोगले व्यक्ति सरह आफ्नो नामबाट नालिस वा निवेदन गर्न र कोशी योजना आयोग उपर सोही नाममा नालिस वा निवेदन लाग्न सक्नेछ।

(४) कोशी योजना आयोगको गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारबाट नियुक्त एक जना व्यक्ति - उपाध्यक्ष

(ग) प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक जना महिलासहित चार जना व्यक्ति - सदस्य

(घ) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य

(ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(च) सचिव, कोशी योजना आयोगको सचिवालय - सदस्य सचिव

(५) उपदफा (४) को खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा विकास तथा योजना सम्बन्धी क्षेत्रमा काम गरेका व्यक्तिहरूमध्ये बाट प्रदेश सरकारले विज्ञता, समावेशी एवं देहायका विषयक्षेत्र समेतका आधारमा प्रतिनिधित्व हुने गरी नियुक्ति गर्नेछः-

(क) आर्थिक विकास,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) सामाजिक तथा मानव विकास,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा,

(घ) अन्य प्राकृतिक स्रोत र मानव स्रोत व्यवस्थापन,

(ङ) कानून, सुशासन तथा व्यवस्थापन।

(६) यस गठन आदेश अनुसार उपाध्यक्ष र नियुक्त सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-१ बमोजिमको ढाँचामा अध्यक्ष समक्ष पद तथा गोपनियताको शपथ लिनु पर्नेछ। यसरी लिइएको शपथको एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अभिलेख राखिनेछ।

(७) उपाध्यक्ष र उपदफा (४) को खण्ड (ग) बमोजिमका सदस्यले कोशी योजना आयोगमा पूर्णकालीन रुपमा कार्य गर्ने छन्।

(८) खराव आचरण वा पदीयमर्यादा विपरित कुनै काम गरेमा प्रदेश सरकारले उपाध्यक्ष र उपदफा (४) को खण्ड (ग) बमोजिमका सदस्यलाई सफाई पेस गर्ने मौका दिई जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ।

तर दफा ५ बमोजिमको हकमा सोही बमोजिम हुनेछ।

४. <u>योग्यता</u>ः कोशी योजना आयोगको उपाध्यक्ष वा दफा ३ को उपदफा (४) को खण्ड (ग) बमोजिम नियुक्त हुने सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पुगेको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, मानविकी, कानून, सामाजिक विकास, पर्यावरण,

विज्ञान, इन्जिनियरिङ्ग, सार्वजनिक प्रशासन, व्यवस्थापन वा सुशासनका विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा अनुभव हासिल गरेको वा प्रदेश सरकारको कुनै निकायमा वा विश्वविद्यालयको प्राध्यापक पदमा वा नेपाल सरकारद्वारा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरी विकास, योजना, नीति अनुसन्धान, प्राज्ञिक वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव हासिल गरेको,

(घ) कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको,

(च) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(छ) प्रचलित कानून बमोजिम अयोग्य नभएको,

(ज) प्रचलित कानून बमोजिम तथा यस गठन आदेशले निर्धारण गरेको योग्यताको विषयमा आफू योग्य भएको स्वःघोषणा।

५. <u>पद रिक्त हुने अवस्थाः</u> यस आदेशमा अन्यत्र लेखिए बाहेक उपाध्यक्ष वा दफा ३ को उपदफा (४) को खण्ड (ग) बमोजिम नियुक्त भएका सदस्य देहायको अवस्थामा पद मुक्त हुनेछः-

(क) मुख्यमन्त्री आफ्नो पदबाट पदमुक्त भएमा,

(ख) प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(ग) दफा ४ बमोजिमको योग्यता कायम नरहेमा वा

(घ) निजको मृत्यु भएमा।

६. <u>उपाध्यक्ष तथा सदस्यको पारिश्रमिक र अन्य सुविधाः</u> (१) उपाध्यक्ष तथा दफा ३ को उपदफा (४) को खण्ड (ग) बमोजिमका सदस्यले शपथ ग्रहण गरेको मिति देखि अनुसूची-२ बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा पाउने छन्।

(२) प्रदेश सरकारले आवश्यकता अनुसार अनुसूची-२ मा हेरफेर गर्न सक्नेछ।

७. <u>कोशी योजना आयोगको बैठकः</u> (१) कोशी योजना आयोगको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

तर अध्यक्षको निर्देशन अनुसार कोशी योजना आयोगको बैठक जुनसुकै समयमा बस्न सक्नेछ।

(२) उपाध्यक्षको सिफारिसको आधारमा अध्यक्षको निर्देशन अनुसार कोशी योजना आयोगको बैठक बोलाइनेछ।

(३) उपदफा (२) बमोजिम बोलाइने कोशी योजना आयोगको बैठकको समय, मिति र स्थान एवं बैठकमा पेस गरिने कार्यसूची सहितको सूचना उपाध्यक्षको स्वीकृति लिई सदस्य सचिवले जारी गर्नु पर्नेछ।

(४) कोशी योजना आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) तत्काल कायम रहेका कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) बैठकमा बहुमतले निर्णय गर्नेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) कोशी योजना आयोगको बैठकमा पेस गरिएका कार्यसूची अनुसारका कुनै विषयमा निर्णय भएमा कोशी योजना आयोगको निर्णय अनुसार भएको भनि बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(८) बैठकमा आवश्यकता अनुसार प्रदेश सरकारका कुनै मन्त्री, पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि कोशी योजना आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>कोशी योजना आयोगको काम, कर्तव्य र अधिकारः</u> (१) कोशी प्रदेश सरकारसँग सम्बन्धित कुनै प्रदेश कानूनले कोशी योजना आयोगको क्षेत्राधिकारभित्र रहने गरी तोकेका काम, कर्तव्य र अधिकारको अतिरिक्त कोशी योजना आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

**(क) योजना तर्जुमा सम्बन्धमाः**

(१) कोशी प्रदेशको विकासका लागि दीर्घकालीन सोच, लक्ष्य, मार्गचित्र, नीति, रणनीति, कार्यनीति सहितको आवधिक योजना तर्जुमा गरी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(२) आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा वातावरण एवं संस्थागत विकास जस्ता प्राथिमकता प्राप्त विषयगत तथा उप विषयगत क्षेत्रमा नीति, रणनीति, कार्यनीति सहितको विषयगत योजना तयार गरी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(३) लाभ लागत विश्लेषणको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध तथा समन्वय कायम गर्दै प्रदेश आयोजना बैंक व्यवस्थापन प्रणाली निर्माण गर्ने, आयोजना बैंक व्यवस्थापन प्रणाली बमोजिम आयोजना बैंक तर्जुमा गर्ने, सोको सुधार एवं परिमार्जन गर्ने र प्रणाली स्थापना तथा कार्यान्वयन गर्ने, गराउने,

(४) सार्वजनिक निजी साझेदारी, सार्वजनिक निजी सामुदायिक साझेदारी, सार्वजनिक सामुदायिक साझेदारीका क्षेत्र, गैर सरकारी एवं प्राज्ञिक क्षेत्रको साझेदारीमा निर्माण, सञ्चालन तथा व्यवस्थापन हुने योजना तथा आयोजनाको नीति, रणनीति तथा कार्यनीति तर्जुमा गर्ने,

(५) कोशी प्रदेशका खास गरी अर्थतन्त्रका समष्टिगत क्षेत्रहरूमा अध्ययन गरी सुधारका लागि नीति, योजना तथा गुरु योजनाको तर्जुमा गर्ने, गराउने,

(६) कोशी योजना आयोग लगायत प्रदेशको क्षमता विकास सम्बन्धी योजना तर्जुमा गर्ने, राजश्व सुधार कार्ययोजना तर्जुमा एवं परिमार्जन गर्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण लगायतका मानवीय विकासका सूचकाङ्कका विभिन्न विषयमा अध्ययन विश्लेषण गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,

(७) प्रदेश सरकारबाट प्रदेशको विकासका लागि नीतिगत रुपमा दिशानिर्देश गरिएका अन्य कुनै

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विषयमा अध्ययन तथा विश्लेषण गरी योजना तर्जुमा गर्ने, गराउने।

**(ख) अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्यः**

(१) प्रदेशस्तरको कुनै नीतिको सान्दर्भिकता वा विकास योजनाका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

(२) आयोजनाको विकास तथा कार्यान्वयनको अध्ययन, अनुसन्धान तथा अन्वेशण गर्ने गराउने र त्यस्ता क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा समेत प्रोत्साहन तथा सहजीकरण गर्ने,

(३) शहरी तथा ग्रामिण अर्थतन्त्र (अर्वन एण्ड रुरल ईकोनोमी) को विकास र प्रवर्द्धनका लागि वसाईंसराई, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, प्राकृतिक स्रोत व्यवस्थापन, मानव स्रोत व्यवस्थापन, सुशासन प्रवर्द्धन लगायत विभिन्न विषयगत क्षेत्रमा अध्ययन, अनुसन्धान तथा अन्वेशण गर्ने, गराउने र निष्कर्ष सहितको प्रतिवेदन कार्यान्वयनको लागि प्रदेश सरकार समक्ष पेस गर्ने,

(४) उत्पादन र व्यवसायको संरचना, ढाँचा तथा प्रविधिमा रुपान्तरण गर्नुपर्ने विषयका लागि

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

तथ्यपरक नीति, सुझाव तथा प्रस्तावहरू सिफारिस गर्ने।

(ग) **अनुगमन तथा मूल्याङ्कनः**

(१) प्रदेश विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा लागु गरी संस्थागत गर्ने, गराउने,

(२) मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारका लागि सम्बन्धित मन्त्रालय तथा निकायमा लेखी पठाउने र सोको कार्यान्वयन भए, नभएको अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गर्ने,

(३) अनुगमन तथा मूल्याङ्कनको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्याङ्कनकर्ता तथा विषयगत पेसागत सङ्घ संस्था, नागरिक समाज र विकासका साझेदार बिच सञ्जालको विकास र यस सम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

(घ) **निर्देशन तथा परामर्श सम्बन्धी कार्यः**

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

(१) सम्बन्धित मन्त्रालय तथा निकायसँगको समन्वयमा प्रदेशस्तरका विकास आयोजनाको लेखाजोखा, पूर्वमूल्याङ्कन तथा परीक्षण समेत गरी सम्बन्धित मन्त्रालय तथा निकायलाई निर्देशन दिने र सोही अनुसार प्रदेश सरकारलाई परामर्श प्रदान गर्ने,

(२) नीति निर्माण एवं विश्लेषण, स्थानीय कानून निर्माण, स्थानीय स्तरका योजना तर्जुमा, लाभ लागत विश्लेषण, व्यवसायिक योजना तर्जुमा लगायतका आर्थिक, सामाजिक समेतका विषयगत तथा उपविषयगत क्षेत्रमा सम्बन्धित स्थानीय तहलाई आवश्यकता अनुसार निर्देशन तथा परामर्श दिने,

(३) आयोजना बैंकमा प्रविष्ट भएका आयोजनाको लागत प्रतिफल दरका सिद्धान्तका आधारमा अध्ययन तथा विश्लेषण गरी बढी प्रतिफल दिने आयोजना छनौट तथा सोही अनुसार बजेट विनियोजनको व्यवस्था मिलाउन सम्बन्धित मन्त्रालय एवं निकायलाई निर्देशन एवं परामर्श प्रदान गर्ने।

**(ङ) सहयोग, सहकार्य एवं तहगत समन्वयः**

(१) प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने, गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, मधेश प्रदेश

(२) अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी निर्माण गरिएका तथ्यपरक नीति, क्षेत्रगत नीति, योजना तथा अन्य यस्तै प्रकारका कार्ययोजना लगायत मार्गदर्शनको कार्यान्वयनमा वा कार्यान्वयन भए नभएको विषयमा सम्बन्धित मन्त्रालय, निकाय वा स्थानीय तहसँग आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने, गराउने,

(३) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने, गराउने।

**(च) अन्य कार्यः**

(१) स्वच्छ, सुखी र सम्मुन्नत प्रदेश निर्माणका लागि कोशी योजना आयोगलाई प्रदेशको विशिष्टिकृत निकायका रुपमा विकास गर्न आवश्यक कार्य गर्ने,

(२) सुशासन प्रवर्द्धन, आर्थिक, सामाजिक, पर्यावरणीय, पर्यटन, वन, वातावरण, जलस्रोत, उर्जा, प्राकृतिक स्रोत लगायतका भौतिक पूर्वाधार जस्ता विषयमा अध्ययन गर्ने, परामर्श सेवा लिने वा परामर्श सेवा प्रदान गर्ने वा अन्य यस्तै प्रकारका अध्ययन सम्बन्धी कार्य गर्ने,

(३) प्रदेशमा रहेका स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि मापदण्ड तयार गर्ने, गराउने,

(४) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुकूल प्रदेश तथ्याङ्क प्रणालीको विकास र सम्प्रेषण गर्ने, गराउने,

(५) बहुपक्षीय एवं दुई पक्षीय सहयोगका योजनाको लागि प्रदेश सरकारको सम्पर्क निकायको रूपमा कार्य गर्ने,

(६) नेपाल सरकार वा प्रदेश सरकारबाट तोकेका अन्य कार्य गर्ने।

९. <u>कार्यसञ्चालन समितिः</u> (१) उपाध्यक्ष, दफा ३ को उपदफा (४) को खण्ड (ग) बमोजिमका सदस्य तथा कोशी योजना आयोगका सचिव सम्मिलित एक कार्यसञ्चालन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यसञ्चालन समितिको अध्यक्षता उपाध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा कोशी योजना आयोगका जेष्ठ सदस्यले कार्यसञ्चालन समितिको अध्यक्षता गर्नेछ।

(३) सचिवले तोकेको आयोगको कुनै कर्मचारीले कार्यसञ्चालन समितिको सदस्य सचिवको काम गर्नेछ।

(४) कार्यसञ्चालन समितिको बैठक आवश्यकता अनुसार नियमित रुपमा बस्न सक्नेछ।

(५) कार्यसञ्चालन समितिको बैठक सम्बन्धी कार्यविधि कार्यसञ्चालन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) कार्यसञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोशी योजना आयोगको बैठकमा पेस गरिने विषयहरूको अध्ययन, विश्लेषण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

एवं मूल्याङ्कन गरी कार्यसूची तयार गर्ने,

(ख) आयोगका निर्णय कार्यान्वयनमा कुनै द्विविधा भएमा त्यस्ता द्विविधा निराकरण गरी कार्यान्वयन गर्ने,

(ग) आयोगको प्रशासनिक एवं सचिवालय सम्बन्धी काम कारबाहीलाई चुस्त, दुरुस्त र नागरिक मैत्री बनाउने,

(घ) भौतिक पूर्वाधार, परियोजना विकास, तथ्याङ्क एवं सूचनाको विश्लेषण गरी सोको अद्यावधिक लगायत योजना निर्माणका लागि पूर्व तयारीका कार्यहरू गर्ने,

(ङ) आयोगको प्रशासनिक तथा सचिवालय सम्बन्धी काम कारबाहीको रेखदेख, नियन्त्रण, सुपरीवेक्षण एवं मूल्याङ्कन गर्ने,

(च) कोशी योजना आयोगले तोकेका अन्य कार्य गर्ने।

१०. <u>प्रदेश विकास परिषद्:</u> (१) स्वच्छ, सुखी र सम्मुन्नत प्रदेश निर्माणको लक्ष्यलाई मूर्तरुप प्रदान गर्न र प्रदेशको समग्र विकास योजनागत अवधारणाबाट अगाडि बढाई प्रदेशले उपलब्धि गरेका सामाजिक आर्थिक लाभको समतामुलक र न्यायोचित वितरणको व्यवस्थाका लागि प्रदेश सरकारलाई मार्गदर्शन प्रदान गर्नका लागि एक प्रदेश विकास परिषद् रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपदफा (१) बमोजिमको प्रदेश विकास परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका मन्त्री तथा राज्य मन्त्री - सदस्य

(ग) प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता - सदस्य

(घ) प्रदेश सभाका समितिका सभापति - सदस्य

(ङ) कोशी योजना आयोगका उपाध्यक्ष तथा सदस्य - सदस्य

(च) प्रमुख सचिव - सदस्य

(छ) मुख्य न्यायाधिवक्ता - सदस्य

(ज) प्रदेश सरकारका सचिव - सदस्य

(झ) जिल्ला समन्वय समिति र स्थानीय तहका प्रमुख - सदस्य

(ञ) प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि तथा निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

व्यक्तिहरूमध्येबाट कम्तीमा एक तिहाई महिला सहित प्रदेश सरकारबाट मनोनित पन्ध्र जना - सदस्य

(ट) प्रदेश सचिव, कोशी योजना आयोगको सचिवालय -सदस्य सचिव

(३) परिषद्ले देहायका विषयमा प्रदेश सरकारलाई मार्गदर्शन प्रदान गर्न सक्नेछः-

(क) दीर्घकालीन तथा आवधिक विकास योजना साथै आर्थिक विकासका विभिन्न क्षेत्रगत पक्षमा तर्जुमा गरिने योजनाका सम्बन्धमा त्यस्ता योजनाले निर्धारण गर्नु पर्ने सोच, उद्देश्य, लक्ष्य, नीति एवं रणनीतिका विषय,

(ख) कोशी योजना आयोगले तर्जुमा गरेका योजनाले समेटेका विषयका सम्बन्धमा,

(ग) प्रदेशको योजनागत विकासका लागि प्रदेश सरकारले प्रत्येक आर्थिक वर्षमा वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नु पर्ने विषयका सम्बन्धमा,

(घ) प्रदेशभित्रका आयोजनाहरूको कार्यान्वयन लगायत आयोजना र बजेट व्यवस्थापन बीचको सामान्जस्यता कायम गर्नु पर्ने विषयका सम्बन्धमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) कोशी योजना आयोगको बैठकले परिषद्बाट मार्गदर्शन हुनु पर्ने भनी निर्णय गरिएका अन्य विषयका सम्बन्धमा।

११. <u>परिषद्को बैठक सम्बन्धी व्यवस्थाः</u> (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) उपाध्यक्षको सिफारिसको आधारमा अध्यक्षको निर्देशन अनुसार परिषद्को बैठक बोलाइनेछ।

(३) उपदफा (२) बमोजिम बोलाइने परिषद्को बैठकको समय, मिति र स्थान एवं बैठकमा पेस गरिने कार्यसूची सहितको सूचना उपाध्यक्षको स्वीकृति लिई सदस्य सचिवले जारी गर्नु पर्नेछ।

(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) तत्काल कायम रहेका कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) बैठकमा बहुमतले निर्णय गर्नेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकमा पेस गरिएका कार्यसूची अनुसारका कुनै विषयमा निर्णय भएमा परिषद्को निर्णय अनुसार भएको भनी बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(८) बैठकमा आवश्यकता अनुसार कुनै विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

१२. <u>प्रदेश नीति तथा योजनाको स्वीकृतिः</u> परिषद्को बैठकमा कोशी योजना आयोगले तयार गरेको प्रदेश नीति तथा योजना छलफल

भएपछि परिषद्को निर्देशन अनुसार प्रदेश सकारको स्वीकृतिको लागि पेस गरिनेछ।

१३. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u> उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) कोशी योजना आयोगसँग सम्बन्धित काम समन्वयात्मक र प्रभावकारी ढङ्गले सम्पादन गर्ने, गराउने,

(ख) प्रदेशको आर्थिक अवस्था, चालु योजना र प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र समस्या समाधानका उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,

(ग) कोशी योजना आयोग वा अध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने।

१४. <u>सदस्यको काम, कर्तव्य र अधिकारः</u> सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गरी जानकारी गराउने,

(ख) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति, योजना तथा कार्यक्रमको प्रगतिको वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

(ग) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्नुपर्ने विषय पहिचान गरी त्यस्तो विषयमा उपाध्यक्ष समक्ष सिफारिस गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) उपाध्यक्षले तोके बमोजिमका अन्य कार्य गर्ने।

१५. <u>आचरण पालना तथा सुविधाको दुरुपयोग गर्न नहुने:</u> (१) यस आदेशमा उल्लेख भएका सुविधाहरू सम्बन्धित उपाध्यक्ष तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउने छन् ।

(२) उपाध्यक्ष वा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) कोशी योजना आयोगका उपाध्यक्ष, सदस्य एवं अन्य पदाधिकारीले पालना गर्नु पर्ने आचारण कोशी योजना आयोगले स्वीकृत गरी लागु गर्न सक्नेछ।

१६. <u>स्वीकृति लिनु पर्ने:</u> (१) उपाध्यक्ष तथा सदस्यले कामको सिलसिलामा प्रदेश बाहिर भ्रमणमा जानुपर्दा उपाध्यक्षले अध्यक्षको र नियुक्त सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ।

(२) उपाध्यक्ष तथा सदस्यले कोशी योजना आयोगको कामको सिलसिलमा विदेश भ्रमण जानुपर्दा प्रदेश सरकारको स्वीकृति र नेपाल सरकारको सहमति लिनु पर्नेछ।

(३) उपाध्यक्ष तथा सदस्यले निजी कामको सिलसिलामा विदेश भ्रमणमा जानु पर्दा उपाध्यक्षले अध्यक्षको र सदस्यले उपाध्यक्षको स्वीकृति लिनु पर्नेछ।

१७. <u>सचिव:</u> (१) कोशी योजना आयोगको सचिवालय सम्बन्धी काम गर्नका लागि निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत स्तरको कर्मचारी कोशी योजना आयोगको सचिवका रुपमा रहनेछन्।

(२) प्रचलित कानून र यस आदेशमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोशी योजना आयोगको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने,

(ख) प्रशासकीय काम कारबाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ग) प्रचलित कानून बमोजिम विभागीय प्रमुखको हैसियतले गर्नु पर्ने कार्य गर्ने,

(घ) कोशी योजना आयोग तथा उपाध्यक्षले तोकेका अन्य कार्य गर्ने, गराउने।

१८. <u>जनशक्ति तथा बजेट सम्बन्धी व्यवस्थाः</u> (१) कोशी योजना आयोगको काममा सहयोग तथा सचिवालय सम्बन्धी काम गर्नका लागि कोशी योजना आयोगको कार्यालयमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) कोशी योजना आयोगको काम कारबाहीको लागि आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले निजामती सेवाका विभिन्न सेवा, समूहका प्रशासनिक तथा प्राविधिक कर्मचारीबाट उपलव्ध गराउनेछ।

(३) कोशी योजना आयोगको लागि आवश्यक बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(४) कोशी योजना आयोगको कार्यबोझका आधारमा अध्ययन तथा विश्लेषण गरी कोशी योजना आयोगले व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन तयार गर्नेछ र स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस सहित पठाउने छ।

(५) उपदफा (४) बमोजिमको व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन प्रदेश निजामती सेवा ऐन, २०७९ तथा प्रदेश निजामती

सेवा नियमावली, २०८१ लगायत प्रचलित कानूनको अधीनमा रही कोशी योजना आयोगको सचिवालयले मसौदा तयार गर्नु पर्नेछ।

१९. **पालना गर्नु पर्ने:** कोशी योजना आयोगले नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनको सहजीकरण, अनुगमन र मूल्याङ्कनका लागि निर्धारण गरेको नीति, रणनीति, निर्देशन तथा मापदण्ड योजना कार्यान्वयन गर्ने सम्बद्ध सबै निकायहरूले पालना गर्नु पर्नेछ।

२०. **अधिकार प्रत्यायोजन:** कोशी योजना आयोगले यस आदेशबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. **प्रतिवेदन पेस गर्ने:** (१) कोशी योजना आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त कोशी योजना आयोगले वर्षभरिमा गरेका प्रमुख काम कारबाही र त्यसबाट हासिल भएका उपलब्धि, मुलुकको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कोशी योजना आयोगले पेश गरेको प्रतिवेदन प्रदेश सरकारले प्रदेश सभामा पठाउनेछ।

(४) उपदफा (१) बमोजिमको प्रतिवेदन कोशी योजना आयोगले सार्वजनिक गर्नेछ।

२२. **प्रदेश सरकारसँग सम्पर्क:** कोशी योजना आयोगले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

२३. <u>निर्देशिका, कार्यविधि तथा दिग्दर्शन बनाउन सक्ने:</u> यो आदेश कार्यान्वयन गर्न कोशी योजना आयोगले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड तथा दिग्दर्शन बनाउन सक्नेछ।

२४. <u>खारेजी तथा बचाउ:</u> (१) प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम भए गरेका काम कारबाही तथा नियुक्ति यसै आदेश बमोजिम भए गरेको मानिने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

### शपथको ढाँचा

म .............. मुलुक, प्रदेश र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहीत रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै प्रदेशको ............. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक, प्रदेश र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराव भावना नलिई इमानदारीताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्नेछैन।

नाम,थरः

दस्तखतः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची -२

(दफा ६ सँग सम्बन्धित)

उपाध्यक्ष र सदस्यहरूको पारिश्रमिक र अन्य सुविधा

| क्र.सं. | सुविधाको प्रकार | एकाइ दर | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | मासिक रुपैयाँ | ५७,८२० | ५५,४६० |
| २ | आवास सुविधा | प्रति महिना रुपैयाँ | प्रदेश सरकारले आवास उपलब्ध गराउने छ। आवास उपलब्ध नभएसम्म २५,००० | प्रदेश सरकारले आवास उपलब्ध गराउने छ। आवास उपलब्ध नभएसम्म २४,००० |
| ३ | फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ठ रुपैयाँ | सुरु नियुक्ति हुँदाका बखत ५०,००० | सुरु नियुक्ति हुँदाका बखत ५०,००० |
| ४ | यातायात खर्च | प्रति महिना रुपैयाँ | - | २५,००० |
| ५ | सञ्चार सुविधा (टेलिफोन, | प्रति महिना रुपैयाँ | ३,००० | ३,००० |

| | | | | |
|---|---|---|---|---|
| | इन्टरनेट र पत्रपत्रिका) | | | |
| ६ | धारा, बिजुली | प्रति महिना रुपैयाँ | २,००० | २,००० |
| ७ | दैनिक तथा भ्रमण भत्ता (स्वदेश) | प्रति दिन रुपैयाँ | २,००० | २,००० |
| ८ | दैनिक तथा भ्रमण भत्ता (विदेश) | प्रति दिन अमेरिकी डलर | १७५ | १७५ |
| ९ | यात्रा बिमा | लाख | १० | १० |

<u>द्रष्टब्यः</u>

- माथि क्र.सं. २ मा लेखिएको आवास सुविधा विराटनगरस्थित आफ्नो घरमा बस्ने उपाध्यक्ष र सदस्यलाई उपलब्ध हुने छैन। तर, आफ्नो घरमा बस्ने उपाध्यक्ष र सदस्यलाई सुविधाका रुपमा वार्षिक एकमुष्ठ रु. ६०,०००।- (साठ्ठी हजार मात्र) उपलब्ध हुनेछ।
- उपाध्यक्षलाई सवारी साधन उलब्ध गराइने छ र सोका लागि प्रति महिना १५० लिटर इन्धन र त्रैमासिक ७ लिटर मोविल उपलब्ध हुनेछ। सवारी चालकका हकमा उपाध्यक्षलाई एक जना हलुका सवारी चालकको व्यवस्था सचिवालयले गर्नेछ।

स्वीकृत मिति : २०८२/१०/०२

आज्ञाले,
राजु प्रसाद गुरागाई
प्रदेश सचिव

कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

कानून मन्त्रालय, कोशी प्रदेश